# तानसेनको भीमसेन रथयात्रा : देखिएन रौनकता

**रामचन्द्र रायमाझी/हिटा**

पाल्पा, २१ माघ

पाल्पाको सदरमुकाम तानसेनमा माघ शुक्ल भीमा द्वादशीका दिन निकालिने भीमसेन रथयात्रा यस वर्ष पनि निकालिएको छ । नेवार समुदायको धार्मिक आस्थासँग जोडिएको भीमसेनको रथलाई तानसेन नगर परिक्रमा गरी निकालिएको हो ।

तानसेनको शित्तलपाटीस्थित भीमसेन मन्दिर परिसरबाट निकालिएको रथयात्राले तानसेन नगर क्षेत्रका विभिन्न भागको परिक्रमा गरेको थियो । सो क्रममा भीमसेनको मूर्तिलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो । नेवार समुदायका मानिससहित अन्य समुदायका व्यक्तिहरूको समेत सहभागिता रहेको रथयात्रामा भजन मण्डलीले दाफा भजन गाएर नगर परिक्रमा गरेका थिए । नेवार समुदायले भीमसेनलाई कुल देउताका रूपमा पूजा गर्दै आएका छन् ।

रथयात्रा गर्दा धेरैजसो नेवार समुदायहरूले आ-आफ्नो घर-घरबाट भगवान्लाई पूजा गरेका थिए । शित्तलपाटीमा रहेको भीमसेन मन्दिर विसं १८६४ मा स्थापना भएको थियो । माघ शुक्ल भीमा एकादशीको दिन तानसेनमा खासै केही गरिँदैन । यस दिन राती शित्तलपाटी मन्दिरअगाडि धुनी जगाइन्छ, भजन गाइन्छ तथा उपस्थित



भक्तजनहरूलाई प्रसादका रूपमा समयबजी बाँड्ने प्रचलन रहेको छ । माघ शुक्ल द्वादशीको दिन भने भीमा द्वादशी भनेर शित्तलपाटीको भीमसेनको रथयात्रा निकाल्ने परम्परा रहेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउरालीले बताउनुभयो ।

नेवार समुदायले शुभ साइतमा हातमा मुगदल लिएको भगवान्को पित्तलको सानो प्रतिमूर्तिलाई तीनतिर खुला पितलले मोडिएको छाना भएको रथमा राखी नगर परिक्रममा गराएका थिए । इतिहास बोकेको भीमसेन रथयात्राको रौनक भने विस्तारै हराउँदै गएको छ । आधुनिकताका कारण यो रथयात्रासँगै पाल्पामा मनाइने जात्रा, चाडपर्वको रौनक घटेको हो । जात्रा खर्चिलो भएकाले पनि आर्थिक अभावका कारण पछिल्ला वर्षहरूमा गाई जात्रा, रोपाइँ जात्रा निकाल्ने प्रचलन कम हुँदै गएको छ । जिल्लाको गहनाका रूपमा रहेका यी संस्कृतिहरूको संरक्षणमा कसैको ध्यान जान सकेको छैन । स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भए पनि यसतर्फ खासै चासो दिएको देखिँदैन । जात्राहरू धार्मिक, सांस्कृतिक र मनोरञ्जनसँग जोडिएकाले पनि संस्कृति जोगाइराख्न नयाँ पुस्तालाई यसतर्फ आकर्षित गर्न सकिएको छैन । जसले गर्दा पनि यहाँका जात्रा, पर्वहरू विस्तारै लोप हुन लागेका छन् ।

शित्तलपाटी भीमसेन मन्दिर तीन तलाको रहेको छ । पहिला माथिल्लो छाना पित्तलको भए तापनि अर्को छाना झिँगटीको थियो तर पछि भक्तजनहरूको श्रद्धा र स्थानीय सरकारको पहलमा तल्लो तलामा पनि पित्तलको छाना राखिएको छ । यहाँ प्रत्येक वर्ष रथयात्रा सञ्चालन गर्न तानसेन नगरपालिका, तानसेन गुठी काठमाडौंले आर्थिक सहयोग गर्दै आएको छ । नपुग सबै टोलहरूबाट र व्यक्तिगतरूपमा संकलन गर्दै आएको भीमसेन मन्दिर संरक्षण उपभोक्ता समितिका अध्यक्ष मनोहरलाल श्रेष्ठले बताउनुभयो । यस वर्ष मन्दिरको रंगरोगनका लागि देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानले पनि आर्थिक सहयोग गरेको थियो । भीमसेन टोलमा पनि भीमसेन मन्दिर रहेको छ । टक्सार गणेश जात्राको भोलिपल्ट भीमसेन टोलबाट भीमसेन जात्रा निकालिन्छ । भीमसेन भनेका महाभारतका बलवान शक्तिशाली भीम हुन् । तानसेन बजारभित्र मात्रै छवटा भीमसेन मन्दिरहरू रहेका छन् । भीमसेन नेवारहरूका कुलदेवता हुन् ।

# जनप्रतिनिधिले बेवास्ता गर्दा जनताको जीवन कष्टकर



**टेकराज अवस्थी/हिटा**

डडेल्धुरा, २१ माघ

बैतडीको सुनार्याका जनताले आधारभूत आवश्यकतालाई जनप्रतिनिधिहरूले उपेक्षा गरेको बताएका छन् । सुनार्या गाउँपालिकाको वडा नं. २, ६, ७, र ८ का स्थानीय जनताहरूका गाउँघरमा खानेपानी, सिँचाइ, विद्युत्, गुणस्तरीय शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधाबाट वञ्चित भएको उनीहरूले बताएका हुन् ।

पटक-पटक जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले पनि स्थानीय जनताको मागलाई बेवास्ता गरेको र चुनावका बेला मात्र आकर्षक नारा दिएर भोट बटुल्ने काम भएको स्थानीय हेमराज अवस्थीले बताउनुभयो ।

यो क्षेत्रका अधिकांश बस्तीहरूमा ऊर्जाको बिजुली रातीको समयमा मात्र बल्छ, गाउँका १० कक्षा उत्तीर्ण गरेका प्राविधिक विषयमा पढ्न इच्छुक विद्यार्थी स्थानीय विद्यालयमा सुविधा नभएपछि अन्यत्र जान बाध्य छन्, जिल्ला सदरमुकामबाट गाडीमा एक दिनको बाटो छ, सामान्य उपचारका लागि मात्र स्वास्थ्य चौकी छ तर दुर्गमको पीडा उपल्लोस्तरका जनप्रतिनिधिहरूले गम्भीरताका साथ सम्बोधन नगरेकोमा स्थानीय युवाहरू पनि निराश रहेको स्थानीय तर्कराज अवस्थीले गुनासो गर्नुभएको छ ।

गाउँ जान खनिएको कच्ची सडक वर्षात्मा त गाडी चल्ने कुरै भएन नै अन्य समयमा पनि जोखिमपूर्ण यात्रामात्र छैन, गाउँमा बिहेबारी हुँदा होस् वा बिरामीलाई पनि कालोपत्रे सडक पुग्न तीन-चार घण्टाको बाटोमा पैदल उकालो-ओरालो गर्नुपर्ने बाध्यता रहेको स्थानीय शिक्षक अम्मरराज अवस्थीले बताउनुभयो ।

'बैतडीको पूर्वी क्षेत्रमा अति दुर्गम रहेको गाउँठाउँमा विकासका पूर्वाधारमा कसैले ध्यान दिएन, यही निर्वाचन क्षेत्रबाट २०७० देखि लगातार दामोदर भण्डारी निर्वाचित हुनुभएको छ तर उहाँले पनि कतै केही गरेको देखिएन, खाली चुनावका बेला आउने यो गरिदिउँला त्यो गरिदिउँला भन्ने भोट लिने काम नगर्ने पाँच वर्षसम्म एकपटक पनि यहाँ आउनुभएको छैन,' एक स्थानीयले बताउनुभयो ।

'यस क्षेत्रमा रहेका सुनार्या गाउँपालिकाअन्तर्गतका गाउँमा आधारभूत आवश्यकताका लागि पनि घण्टौं धाउनुपर्छ, सुनार्यासँग जोडिएको पाटन नगरपालिका पुग्न पनि तीन घण्टा लाग्छ भने यता मुसे पुग्न पनि तीन घण्टा लाग्छ, हामीलाई कतैबाट पनि सुख भएन,' स्थानीय युवा ओमप्रकाश अवस्थीले गुनासो गर्नुभयो ।

'गाउँमा सिँचाइ छैन, भरपर्दो बिजुली बत्ती छैन, ऊर्जाको बत्तीले केटाकेटी पढ्छन्, त्यो पनि दिनभरिमा दुई- तीन घण्टामात्र बल्छ, नियमितरूपमा हुने विकासका गतिविधिहरू भइदिए कामको खोजी गर्न किन भारतलगायत विदेशतिर जान्थे र ?' एक ज्येष्ठ नागरिकले बताउनुभयो ।

सुनार्या र रौलेश्वर गाउँपालिकाबीचका पथरकोट, खटाली, बरायल, खर्काधारलगायतको बस्ती जोड्ने गाउँहरूसहित पालिका केन्द्र जाने बाटो पनि मापदण्डअनुसारको दिगो सडक नहुँदा स्थानीयले कष्टकर जीवन बिताउन बाध्य भएका छन् । तीनपटक निर्वाचन जित्नुभएका भण्डारी अहिले पनि नेपाल सरकारका मन्त्री हुनुहुन्छ तर यसपाली के गर्नुहुन्छ हेर्न बाँकी रहेको स्थानीय बताउँछन् ।

# स्कुल बसको ठक्करबाट युवकको मृत्यु, दुई युवती घाइते

**प्रकाश मैनाली/हिटा**

सर्लाही, २१ माघ

सर्लाहीको सदरमुकाम मलंगवामा शनिबार बिहान स्कुल बसले मोटरसाइकललाई ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ । मलंगवा नगरपालिका-४, मा मलंगवाबाट गम्हरीयातर्फ आउँदै गरेको जेसिस अंग्रेजी आवासीय विद्यालयको ना १ क ४९५१ नम्बरको बसले ठक्कर दिँदा कविलासी नगरपालिका-९ बस्ने जुगेश्वर महतोका छोरा वर्ष १८ का दीपेन्द्र महतोको मृत्यु भएको हो । बसले मलंगवातर्फ गइरहेको बिआर ०६ पिबी ३५१३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक महतोको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल पछाडि सवार कविलासी नगरपालिका- १० बस्ने हृदयनारायण महतोकी छोरी १७ वर्षीया सबनम गुप्ता र जगदिश महतोकी छोरी १७ वर्षकै पूजाकुमारी महतो घाइते हुनुभएको छ । उहाँहरूलाई प्रादेशिक अस्पताल मलंगवामा सामान्य उपचारपश्चात् थप उपचारका लागि वीरगञ्ज रेफर गरिएको सर्लाहीका प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले जानकारी दिनुभयो । घाइते दुईमध्ये पूजा कुमारीको अवस्था गम्भीर छ । दुर्घटनामा मृत्यु भएका युवक र घाइते भएका दुई युवती पनि अर्को विद्यालयका विद्यार्थी नै हुन् । दुर्घटनामा संलग्न बस र चालकलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले जानकारी गराउनुभयो ।

# ज्येष्ठ नागरिकलाई भत्ता बाँड्न आफैं पुग्छन् पालिका अध्यक्ष

**निरोज कोइराला/हिटा**

भोजपुर, २१ माघ

जनप्रतिनिधिले नागरिकको अपेक्षाअनुसार काम गर्न सकेमा गाउँमै सिंहदरबारको नाराले सार्थकता पाउन सक्छ । भोजपुरको रामप्रसाद राई गाउँपालिकाका अध्यक्ष थामप्रसाद राई अहिले ज्येष्ठ नागरिकको सेवामा आफैं लागिपर्नुभएको छ । रामप्रसाद राई गाउँपालिकाले अहिले आफ्ना वडाहरूमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको छ । ज्येष्ठ नागरिकलाई भत्ता उपलब्ध गराउन पालिका अध्यक्ष राई आफैं सक्रिय देखिनुभएको छ । एनआइसी एसिया बैंक, बैकुण्ठेको सहयोगमा पालिकाले वडामा पुगेर सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविर सञ्चालन गरिरहेको छ ।

विगतमा जस्तो लामो बाटो धाएर पालिकाको केन्द्रसम्म पुग्नुपर्ने बाध्यताको अन्त्य भएपछि पालिकाभित्रका ज्येष्ठ नागरिकहरूले पनि गाउँमै सिंहदरबार आएको महसुस गरेका छन् । 'ज्येष्ठ नागरिकहरूलाई स्थानीयस्तरमा नै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण कार्य भइरहेको छ, मैले यो कार्य गर्नका लागि अघिल्लो पटकको निर्वाचनमा पराजित हुँदा पनि यो समस्या नियालेको थिएँ, अहिले आएर कार्यान्वयन गर्न पाएँ,' पालिका अध्यक्ष राईले भन्नुभयो । अबका दिनमा यो कार्य निरन्तररूपमा हुने पालिका अध्यक्ष राईको भनाइ छ ।

भत्ता भुक्तानी शिविरमा अध्यक्ष राईले ज्येष्ठ नागरिकलाई माला तथा खादा लगाउँदै तीन महिनाको सामाजिक सुरक्षा भत्ता वितरण गर्नुभएको हो । पालिकाले गाउँवडामै आएर भत्ता दिएकोमा वृद्धवृद्धाहरूसमेत खुसी देखिनुभएको छ । लामो बाटो हिँडेर पालिकाको केन्द्र बैकुण्ठे पुगेर सामाजिक सुरक्षा भत्ता लिनुपर्ने बाध्यता हटाउँदै स्थानीय सरकारले वडामै सेवा दिँदा ज्येष्ठ तथा अपांग, अशक्त नागरिकहरूमा पनि खुसी महसुस भएको वडा नम्बर ३ भुल्केका वडाध्यक्ष रामु थापा मगरले बताउनुभयो ।

भत्ता लिन आउने ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्य शिविरसमेत सञ्चालन गरिएको छ । शिविरमा सुगर, प्रेसर, आँखा, दाँत, घाँटी दुख्नेलगायत सेवा प्रदान गरिएको थियो । शिविरमा पशु शिविरसमेत सञ्चालन भएको थियो ।







Nepal Government
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Manthali, Ramechhap

**Invitation for Bid (IFB)**

**(First date of publication: 05th Feb, 2023)**

1. Federal Water Supply and Sewerage Management Project, Manthali, Ramechhap invites open competitive bidding from eligible bidders for the procurement of following goods under Sealed Quotation.

| SN | Contract Identification No. | Description | Estimated Amount (Exclusive of VAT) NRs. | Price of Bid Document | Bid Validity Period | Bid Security/ Bid Bond |
|---|---|---|---|---|---|---|
| 1 | FWSSMP/GRAM/ PE/01/079/80 | Procurement of HDPE Pipe (PE 100) for Differerent Projects. | 1757935.20 | NRS. 1000 | 45 days | 50,000.00 |

2. Bidder should bid electronically through e-procurement section of PPMO's Website: www.bolpatra.gov.np/egp
3. Any conditions not covered shall be as per Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064. Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
4. Eligible bidders may obtain further information from PPMO web portal www.bolpatra.gov.np/egp or Federal Water Supply and Sewerage Management Project, Manthali, Ramechhap (Tel: 048-540285, email: fwssmpramechhap@gmail.com) during office hour.

**Project Chief**



नेपाल सरकार
शहरी विकास मन्त्रालय
**स्थानीय पूर्वाधार विभाग**
पूल्चोक, ललितपुर

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

*(प्रकाशित मिति २०७९/१०/२२)*

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०६/१४ मा प्रकाशित वोलपत्र आव्हान सम्बन्धी सुचना (Single Stage Two Envelope) अनुसार निर्धारित समय भित्र PPMO को E-Procurement portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मुल्यांकनमा तपशिल वमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सफल वोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/१०/२९ गते दिनको ४:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाता |
|---|---|---|
| Contract ID: DoLI/KS/W/ NCB/-01/2079-080 | Construction of Chaurjahari Football Stadium, West Rukum | M/S M.A.Construction Pvt.Ltd, Kantipath, Kathmandu. |
| | | M/S Pratistha- Beacon J/V, Lalitpur,Nepal. |

**सि.डि.ई.**



**माछापुच्छ्रे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

**नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, वालुवा, रोडा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आव्हानको सूचना ।**

**दोश्रो पटक प्रकाशित मिति २०७९।१०।२२ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) तथा सोही ऐनको दफा ६४ को उपदफा (१) को खण्ड च को अधिनमा रही यस माछापुच्छ्रे गाँउपालिका अधिकार क्षेत्र अन्तर्गत पर्ने नदीजन्य पदार्थ (घाटगद्दी) ढुङ्गा, वालुवा, गिट्टी, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेड, माछापुच्छ्रे शाखामा रहेको खाता नं १४००१०९२२३४०००६९ मा तोकिएको रकम वुझाई वोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी मु.अ.कर र अग्रिम आयकर सहितको कूल कवोल रकमको पाँच प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको प्रभु बैंक लिमिटेड, माछापुच्छ्रे शाखामा रहेको खाता नं १४००१०९२२३४०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (बिड बण्ड) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp बाट मिति २०७९/११/२३ गते दिउँसो १२:०० बजे भित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । अन्य जानकारी PPMO को वेबसाईटबाट डाउनलोड गरी हेर्न सकिनेछ ।

| क्र.सं. | घाटको नाम | IFB No. | न्युनतम रकम कर बाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | समिबगर दोविल्ला घाट | MRM/NCB/GD/079-80/04 (Re) | ४५,६८,७३१।०७ | |

**प्रमुख प्रशासकीय अधिकृत**